# ॐ २ ॐ

*[संवत् २०३८ सालको 'मदन पुरस्कार' 'नदी किनाराका माझी' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री मोहन कोइरालालाई समर्पण गर्न संवत् २०३८ साल कार्तिक ४ गते रोज ५ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क ८३ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू र बन्धुगण !

धन्यवाद ज्ञापन भनेको सारै औपचारिक कुरो हो। समले भनेजस्तो:

*"तपाईंलाई सञ्चै छ? के यो सोधिपठाउने*
*यहाँ मलाई सञ्चै छ कि यो भनिपठाउने*
*... ... खालि यी मुखले कुरा"*

हो, खालि यी मुखका कुरा हुन्। साँच्चैचाहिँ सक्ने भए हामी छाती चिरेर देखाउने थियौं तपाईंहरूलाई यहाँ स्वागत गर्न पाउँदा हामीहरूलाई कति खुसी लागेको छ। त्यतिकै फेरि शब्दले कसरी पत्यार पारूँ। तपाईंहरूलाई यसरी यहाँ यो सानो कोठामा कोचेर राख्न पर्दा हामीलाई कतिको दुःख लागेको छ। तर प्रत्येक नेपाली कवि लेखकलाई सम्झन्छौं ऐले यसबेला हामी– शरीरले नभए पनि हाम्रो भावनामा उहाँहरू यहाँ उपस्थित हुनुहुन्छ। तपाईंहरू मार्फत् फेरि म समकै शब्दमा उहाँहरूलाई भन्छु।

*"दिएँ अञ्जुलिले अर्घ बिर्सी सागरको जल*
*सूर्यको छवि बिर्सेर गरें आरति दीपले*
*त्यस्तै हराभरा पृथ्वीलाई बिर्सेर एउटा*
*बोहोतामा लिई पुष्पञ्जलिसम्म चढाइयो*
*तर सद्भक्तिको गोल विश्वभन्दा विशाल छ*

यो हाम्रो सद्भक्ति सबैतिर पुगोस् !

अव अलिकति पुरस्कार विजय कवि मोहनलाई भनूँ। कविजी, यो पुरस्कार हाम्रो श्रद्धाको प्रतीक हो। 'मदन पुरस्कार' निगाहले बाँडिने वस्तु होइन, नेपाली स्रष्टाका आफ्ना सन्तानले उनीहरूलाई बोकेर ल्याइदिने सम्मान उपहार हो। हामी त निमित्त मात्र हौं। ऐले भरखर रानीसाहेववाट तपाईंको अर्चना गरिबक्स्यो। यो पूजार्चनामा हामीले के व्यक्त गर्न खोजेको हो त्यो अलिकति अर्थ्याऊँ कि क्या। यो ऐले तपाईंको आरती उतार्ने कुनै एउटा व्यक्ति होइन। सम्माननीया रानी जगदम्बा होइन त्यो व्यक्ति। नेपाल अधिराज्य र अझ बाहिरसमेत रहेका करोडौं नेपालीको एक जना प्रतिनिधिले नेपाली साहित्यका रथी महारथी, पदाति, सरस्वतीका एक जना वरदपुत्रको आरती उतारेको हो। कपूरको यो सेतो वत्तीमा उज्यालिएको तपाईंको मुखमण्डलमा ऐले मैले मात्र होइन, यहां सबैले सयौ हजारौं नेपाली कवि लेखकको छवि देख्यौं। हामी नेपाली साहित्यको उज्ज्वल भविष्यमा विश्वस्त छौं। कविजी तपाईंलाई धन्यवाद !

आइदिनुभएकोमा, बसिदिनुभएकोमा, अरू तपाईंहरूलाई पनि धन्यवाद !

☒ ☒ ☒